जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ३९ २०८३ साल भदौ १७ गते बुधबार (2 Sep 2026 Wednesday) मूल्य रु. ५/-

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : 'भोटेकोशी बाढीपछि खोज.. ३ पृष्ठमा : गाजामा मानवीय संकटप्रति ...४ पृष्ठमा : 'डिएनए' नमूना सङ्कलनपछि...

## अशक्त तथा हिडडुल गर्न नसक्ने ज्येष्ठ नागरिकको घरमै परिचयपत्र नविकरण



**दैनिक समाचारदाता**
**राजविराज, १६ भादौ ।**

शारीरिक रुपमा अशक्तलाई घरमै पुगेर सामाजिक सुरक्षा भत्ताको परिचयपत्र नविकरण गर्न थालिएको छ । अशक्त तथा हिडडुल गर्न नसक्ने ज्येष्ठ नागरिकको घरमै पुगेर उक्त सेवा सुविधा प्रदान गर्न थालिएको हो ।

राजविराज नगरपालिका वडा नं.७ का १३ जना अशक्त तथा ज्येष्ठ नागरिकको घरमै जनप्रतिनीधी र कर्मचारीको टोली पुगेर सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गरिदिएका छन । टोलीमा वडा सदस्य रमानन्द देव, वडा सचिव अमरनाथ दत्त र कम्प्युटर अपरेटर दिपेश यादव सहभागि छन ।

सामाजिक सुरक्षा भत्ता परिचयपत्र भदौ महिना भित्रै नविकरण गराइसक्नु पर्ने प्रावधान छ । तर कतिपय अशक्त तथा ज्येष्ठ नागरिक वडा तथा नगरपालिका कार्यालय सम्म आउने अवस्थामा नरहेको र समयमै नविकरण न गराउँदा सरकारबाट पाउने सुविधाबाट बन्चित हुने देखिएकाले घरमै पुगेर परिचयपत्र नविकरण गर्न थालिएको वडा सदस्य देवले बताए ।

राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीनले जनताको काम गर्ने क्रममा अहिले नगरका १६ वटै वडामा जनप्रतिनीधी र कर्मचारीको टोली अशक्त र ज्येष्ठ नागरिकको घरमै पुगेर सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्न थालेको जानकारी दिईन ।

अशक्त तथा हिडडुल गर्न नसक्ने ज्येष्ठ नागरिक घरमै परिचयपत्र नविकरण गर्न टोली आउँदा निकै खुशी भएका छन ।

## बालकको अपहरण गरी भारत लगेर हत्या, एक किशोर पक्राउ

**दैनिक समाचारदाता**
**बारा, १६ भादौ ।**

बाराबाट ११ वर्षीय बालकको अपहरण गरी भारत लगेर हत्या भएको खुलेको छ । प्रहरीले हत्या आरोपमा एक १७ वर्षीय किशोर पक्राउ परेको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता मीनबहादुर घलेका अनुसार विश्रामपुर गाउँपालिका ३ मुसहर्वाका ११ वर्षीय राजेशकुमार साह ९ भदौमा बिहान करिब ९ बजेबाट हराएका थिए ।

उनी हराएको जानकारी आएपछि प्रहरीले खोजतलास सुरु गरेको थियो । भदौ ११ गते बिहान करिब १०:३० मा भारतमा राजेश मृत फेला परेका थिए ।

उनको शव भारतको बिहान राज्यअन्तर्गत मोतिहारी जिल्ला नुनियाडी पञ्चायत-१ स्थित सिंहा नदी किनारमा फेला परेको प्रहरीले जनाएको छ ।

घटनाको अनुसन्धान गर्दै जाँदा प्रहरीले संकलन गरेको सीसीटीभी फुटेज, स्थानीयबासीको भनाइ तथा भारतीय प्रहरीसँगको समन्वयबाट राजेशलाई विश्रामपुरबाट अपहरण गरी भारतमा लगेर हत्या गरेको खुलेको डीएसपी घलेले जानकारी दिए ।

उनका अनुसार घटनामा संलग्न रहेको आरोपमा विश्रामपुर गाउँपालिका-३ मुसहर्वाकै १७ वर्षीय किशोर पक्राउ परेका छन् ।इ स उनी विरुद्ध अपहरण तथा कर्तव्य ज्यान कसुरमा मुद्दा दर्ता गरी बारा जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरिएको अनलाइन खबरले जनाएको छ ।

## एक हजार १२२ किलो गाँजासहित तीन जना पक्राउ

**दैनिक समाचारदाता**
**उदयपुर, १६ भदौ ।**

कटारी नगरपालिका-६ बाँकेटारबाट प्रहरीले एक हजार १२२ किलो गाँजासहित तीन जना पक्राउ गरेको छ ।

प्रहरीले शान्तिवन वन क्षेत्रबाट एक हजार १२२ दशमलव ६७ किलोग्राम गाँजा बरामद गरेको हो ।

जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रमुख प्रहरी उपरीक्षक राजन चापागाईले जङ्गलमा लुकाइछिपाइ राखिएको अवस्थामा ५२ बोरा गाँजा बरामद गरिएको जानकारी दिए ।

प्रहरीले गाँजासहित ताप्ली गाउँपालिका-१ डाँडागाउँका रामबहादुर मगर, नेकबहादुर मगर र पृथ्वीराज मगरलाई पक्राउ गरेको हो । पक्राउ गरिएकालाई इलाका प्रहरी कार्यालय कटारीमा राखेर थप अनुसन्धान भइरहेको छ ।

गाँजा ओसारपसारमा प्रयोग भएको आशंकामा बा १६ च ५२६९ नम्बरको बोलेरो गाडीसमेत प्रहरीले नियन्त्रणमा लिएको छ ।

## गत वर्षसम्मको स्वास्थ्य बिमाको भुक्तानी सम्पन्न

**दैनिक समाचारदाता**
**काठमाडौँ, १६ भदौ ।**

स्वास्थ्य बिमा बोर्डले २०८२ चैत मसान्तसम्म सेवा प्रदायक स्वास्थ्य संस्थालाई स्वास्थ्य बिमावापत गर्नुपर्ने भुक्तानी सम्पन्न गरेको जनाएको छ ।

बोर्डका अनुसार २०८२ चैत मसान्तसम्म सेवा प्रदायक स्वास्थ्य संस्थालाई स्वास्थ्य बिमावापत कूल रु दुई अर्ब छ करोड ४३ लाख ३४ हजार भुक्तानी गरिएको छ । बोर्डले स्वास्थ्य संस्थाहरूलाई बिहिबार नै स्वास्थ्य भुक्तानीबारे परिपत्र गरेको हो ।

यससँगै २०८२ सालसम्म स्वास्थ्य बिमावापत सेवा प्रदायक स्वास्थ्य संस्थालाई गर्नुपर्ने भुक्तानी सकिएको बोर्डले जनाएको छ ।

## नेकपा संसदीय दलको कार्यालयले १५ दिन बराबरको तलब सहयोग गर्ने

**दैनिक समाचारदाता**
**जनकपुर, १६ भादौ ।**

मधेस प्रदेशको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) संसदीय दलको कार्यालयले १५ दिन बराबरको तलब सहयोग प्रदान गर्ने भएको छ ।

रसुवाको भोटेकोशीमा आएको बाढीले निम्त्याएको विनाशबाट प्रभावित परिवारको राहत तथा पुनर्स्थापनाका लागि उक्त पार्टीले १५ दिन बराबरको तलब सहयोग गर्ने भएको हो ।

संसदीय दलमा आबद्ध प्रदेशसभा सदस्य, स्वकीय सचिव तथा कर्मचारीहरूको १५ दिनको तलब कट्टा गरी बाढीपीडितलाई पठाउने निर्णय गरेको जनाएको छ ।

संसदीय दलका नेता युवराज भट्टराईले प्रदेशसभाका सचिवलाई पत्र लेख्दै सहयोगको व्यवस्था मिलाउन आग्रह गरेका छन् ।

पत्रमा उनले लेखेका छन्, 'रसुवा जिल्लामा बाढीका कारण ठूलो मात्रामा आर्थिक, भौतिक तथा मानवीय क्षतिले सम्पूर्ण देश स्तब्ध भएको छ । यस कठिन परिस्थितिमा बाढीबाट प्रभावित हुन पुगेका नागरिकहरूको राहत तथा पुनर्स्थापनाका लागि सहयोग गर्नु हाम्रो सामाजिक तथा मानवीय दायित्व हो ।'

संसदीय दलका माननीय सदस्यहरू, स्वकीय सचिव लगायत सचिवालयमा कार्यरत अन्य कर्मचारीहरूको १५ दिनको तलब कट्टा गरी तोकिएको बैंक खातामा जम्मा गराउने व्यवस्था मिलाइदिन नेता भट्टराईले पत्रमार्फत अनुरोध गरेका छन् ।

## करिब १२ हजारको उद्धार, ९८७ को शव फेला

काठमाडौँ, १६ भदौ (रासस) ।

रसुवाको भोटेकोशी नदीमा गएको बाढीका कारण ज्यान गुमाउनेको सङ्ख्या ९८७ पुगेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार मङ्गलबार बिहानसम्म सबैभन्दा धेरै चितवनमा ३२१ जनाको शव फेला परेको छ । साथै नवलपरासी पूर्वमा २१६, नवलपरासी पश्चिममा १७०, नुवाकोटमा ९५, गोरखामा ६५, धादिङमा ५५, तनहुँमा ३८ र रसुवामा २७ जनाको शव फेला परेको छ ।

यसैगरी, तीन हजार ९१६ जना सम्पर्कविहीनमध्ये नेपाल प्रहरीका २५, नेपाली सेनाका ४५, सशस्त्र प्रहरी बल, नेपालका १३, भन्सार कार्यालयका १५, अध्यागमन कार्यालयका तीन जना राष्ट्रसेवक कर्मचारी रहेका छन् ।

हालसम्म घाइते २७९ जना रहेको र उपचारपछि विभिन्न अस्पतालबाट 'डिस्चार्ज' हुनेको सङ्ख्या १६८ तथा ११ हजार ८१४ जनाको उद्धार भइसकेको प्राधिकरणले जनाएको छ । हालसम्म २१ हजार ११ जना सुरक्षाकर्मी परिचालित भएको प्राधिकरणले जनाएको छ ।

**औषधिको जथाभावी प्रयोग नगरौं**

- चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं,
- चिकित्सकले तोकेको मात्रा र अवधि बमोजिम औषधि सेवन गरौं,
- रुघाखोकी, फ्लु वा भाइरल संक्रमणमा आफूखुशी औषधि प्रयोग नगरौं,
- अरूका लागि लेखिएको औषधि आफैं जथाभावी प्रयोग नगरौं,
- म्याद नाघेको औषधि प्रयोग नगरौं/नगराऔं,
- औषधिको सुरक्षित र जिम्मेवारपुर्वक प्रयोग गरी/गराई आफ्नो र परिवारको स्वास्थ्य संरक्षण गरौं।

**औषधिको अनावश्यक प्रयोगले स्वास्थ्यमा गम्भिर असर पर्न सक्छ।**
**तसर्थ, चिकित्सकको सल्लाहअनुसार मात्र औषधिको प्रयोग गरौं/गराऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# पूर्व सूचना प्रणालीलाई समयसँगै परिमार्जन गर्नु आवश्यक

चीनको तिब्बततर्फ नदी थुनिएर बनेको ताल फुट्दा रसुवाको भोटेकोशी हुँदै त्रिशूली र नारायणी नदी तटीय क्षेत्रसम्म बुधबार आएको विध्वंशकारी बाढीको दृष्यहरुले मनलाई आतंकित बनाएको छ । घटनास्थलबाट सयौं किलोमिटर टाढा रहेपनि बाढीका भिडियोहरुले विनासकारी बाढीको चपेटमा परेका व्यक्तिहरुको भोगाई कल्पना समेत गर्न मनछताछुल्ल हुन्छ । भोटेकोशी, त्रिशूली र नारायणी नदीमा आएको विनाशकारी बाढीले रसुवा, नुवाकोट, गोरखा, धादिङ्ग, चितवनलगायतका जिल्लाका हजारौं परिवार प्रभावित भएको छ । बाढीको कारण हजारौं व्यक्ति सम्पर्कविहिन बनेका छन् । बाढीको ताण्डवमा परि ज्यान गुमाउनेको संख्या प्रत्येक घण्टा बढ्दो छ ।

बाढी आउनु पूर्व नै सूचना पाएपछि त्यसले जनधन जोगाउन मदत पुग्छ । समयमै सूचनान पाएकै कारण पाँच बर्ष अघि मेलम्चीले पनि यस्तै खाले पीडा व्यहोर्नु परेको थियो । रसुवामा माईकिङ्ग त गरिएको थियो तर यस अघि पनि माईकिङ्ग गरिएको भनी स्थानीयहरुले खासै ध्यान नदिएको देखिन्छ । पूर्व सूचना प्रणालीले प्रकोपबाट उत्पन्न हुने जोखिम बारे ज्ञान संकलन र विश्लेषण गर्नुका साथै धनजनको क्षति हुनबाट समेत जोगाउने गरेको विज्ञहरुको कथन छ ।

प्रभावकारी पूर्वसूचना प्रणाली (अर्ली वार्निङ सिस्टम) प्रभावकारी र सबैमा पहुँच योग्य बनाउनु नै क्षति न्यूनीकरणको मुख्य उपाय हो । नेपालले पनि सन् २०२७ सम्ममा 'सबैका लागि पूर्वसूचना' पुर्‍याउने लक्ष्य राखेको छ । रसुवालगायतको जिल्लामा बाढीले मच्चाएको वितण्डाबाट उठेको आवाजलाई एउटा चेतावनीको रुपमा लिनुपर्छ । तसर्थ पूर्व सूचना प्रणालीलाई समयसँगै परिमार्जन गर्दै थपजनधनको क्षति हुनबाट जोगाउने तर्फ सबैको निर्णायक पहल हुनु जरुरी छ ।

## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# 'भोटेकोशी बाढीपछि खोज उद्धार र राहत व्यवस्थापनमा कुनै कसर बाँकी राखेका छैनौं'- डा उप्रेती

काठमाडौँ, १६ भदौ (रासस) ।

यही भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवनलगायतका जिल्लामा ठूलो क्षति पुऱ्याएको छ । अकल्पनीय रूपमा आएको उक्त बाढीले ठूलो जनधनको क्षति गरेपछि नेपालको विपद् पूर्वतयारी र पूर्वसूचना प्रणालीमाथि समेत प्रश्न उठेको छ । भोटेकोशीको यस घटनाले सीमापार पूर्वसूचना तथा सूचना आदानप्रदान प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने, साथै तत्काल खोज तथा उद्धार, राहत र दीर्घकालीन पुनःस्थापनाका लागि विद्यमान विपद् व्यवस्थापन प्रणालीको पुनरावलोकन गर्नुपर्ने आवश्यकता देखाएको छ । प्रस्तुत छ, यसै विषयमा केन्द्रित रहेर राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीसँग राससकर्मी प्रगति ढकालले गरेको कुराकानीको अंश

***-भदौ १० गते रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीले ठूलो जनधनको क्षति गरेको छ । प्रारम्भिक अध्ययनले हिमपहिरो, चट्टान तथा गेग्रान खस्नु र त्यसबाट नदी थुनिएर बनेको अस्थायी बाँध फुट्दा बाढी आएको देखाएको छ । यो घटनामा जलवायु परिवर्तनको भूमिका कत्तिको छ र भोटेकोशी बाढीको वास्तविक कारण के देखिन्छ ?***

अहिलेसम्मका विभिन्न तथ्य-तथ्याङ्क हेर्दा हिमपहिरो गएको देखिन्छ । चट्टानसहितको हिमपहिरो, पहाडमा हिउँ जम्ने र त्यो हिउँ एकदमै कडा भएर बसेको हुन्छ । त्यसरी जमेको हिउँ कमजोर भएपछि तापक्रम बढ्दा, पानी पर्दा वा अन्य कुनै कारणले त्यो खस्न सक्छ । वातावरणीय परिवर्तन वा जलवायु परिवर्तनका कारण पनि त्यसमा केही परिवर्तन भएको हुन सक्छ । हिमपहिरो खसेसँगै त्यहाँ बन्न पुगेको बाँध फुटेपछि एकपछि अर्को घटना जोडिँदै गएको देखिन्छ । यसलाई हामीले एक प्रकारको अन्तरनिर्भर घटनाक्रमका रूपमा हेर्न सक्छौँ ।

अर्को कुरा के छ भने अहिले एल निनो वर्ष पनि हो । एसियाका लागि एल निनो वर्ष भनेको औसतभन्दा बढी तापक्रम हुने वर्ष हो । अहिले धेरै ठाउँमा औसतभन्दा बढी तापक्रम छ । लामो समयको औसत अर्थात् ३० वर्ष वा त्यसभन्दा बढी अवधिको औसतसँग तुलना गर्दा यसवर्ष औसतभन्दा बढी तापक्रम हुने भनेर एसियाका विभिन्न मौसमसम्बन्धी निकायले यसअघि नै बताइसकेका थिए । त्यही अवस्थामा पाकिस्तानमा पनि यस्तै खालको हिमपहिरो गएको थियो । पाँच जना नेपाली पर्वतारोहीको त्यहाँ मृत्यु भयो । भारतका कतिपय ठाउँमा पनि यसै वर्ष हिमपहिरो गएको छ । नेपालमा पनि यसवर्ष उत्तरी क्षेत्रमा यस्तै घटना भयो । ताल फुट्यो र त्यसबाट ठूलो विपत्ति निम्तियो ।

***-अहिलेको क्षतिको प्रारम्भिक अनुमान कति छ ? कति मानिस प्रभावित भएका छन् ?***

हालसम्मको मानवीय क्षति ठूलो छ । करिब ९०० भन्दा बढी शव फेला परेको तथ्याङ्क छ । करिब ५० हजार जनसङ्ख्या प्रभावित भएको देखिन्छ । करिब सातहजार ५०० घरधुरीलाई परिवारको औसत संख्याले गुणा गर्दा यो प्रारम्भिक अनुमान आएको हो । तर यो अन्तिम तथ्याङ्क होइन । अहिले प्राविधिक टोलीले विस्तृत मूल्याङ्कन गरिरहेको छ । उहाँहरूले कति घरमा क्षति भयो, भौतिक संरचनामा कति क्षति भयो, कृषि भूमि कति क्षति भयो भन्ने क्षेत्रगत क्षतिको विवरण निकाल्दै हुनुहुन्छ । सरकारी, गैरसरकारी र निजी क्षेत्रका संरचनामा भएको क्षतिको पनि छुट्टाछुट्टै मूल्याङ्कन भइरहेको छ । दुई-तीन दिनमा प्रारम्भिक रूपमा कति आर्थिक हानि-नोक्सानी भयो भन्ने अनुमान निकाल्ने योजना छ । त्यसले विपद्पछिको आवश्यकता मूल्याङ्कनको बाटो र दायरा पनि स्पष्ट गर्छ ।

***-अब खोज तथा उद्धारसँगै पुनःस्थापनाको काम पनि चुनौतीपूर्ण देखिन्छ । आफन्त, घर र सम्पत्ति गुमाएका मानिसहरूको मानसिक तथा शारीरिक अवस्थालाई हेर्दा यति ठूलो सङ्ख्यामा पुनःस्थापना कसरी सम्भव हुन्छ ? सरकारको योजना के छ ?***

पुनःस्थापनालाई अहिले हामीले तीनवटा तरिकाले हेरेका छौँ । खोज तथा उद्धारको काम सकिँदै जाँदा राहतको काम पनि सँगसँगै चलिरहेको छ । त्यसलगत्तै अस्थायी टहरा बनाउने, टेन्टमा राख्ने र शिविर व्यवस्थापन गर्ने काम सुरु भइसकेको छ । अबको तीन महिनासम्मका लागि पनि योजना बनाउनुपर्छ । त्यसपछि हिउँदको अवधि आउँछ । हिउँदमा जोखिम नहोस् भनेर चिसोमा प्रयोग गर्न मिल्ने टेन्टको व्यवस्था गर्नुपर्ने हुन्छ । बाहिरको चिसो भित्र नछिर्ने किसिमका टेन्ट दातृ निकायको सहयोगमा ल्याउने योजना बनाइरहेका छौँ । अब पुनःस्थापनाका लागि बस्ती कहाँ स्थानान्तरण गर्ने ? अहिलेको अस्थायी शिविर कहाँ बनाउने ? स्थायी रूपमा बसोबासका लागि सुरक्षित ठाउँ कहाँ हुन्छ ? भन्ने विषयमा धेरै काम गर्न बाँकी छ । त्यो क्षेत्र सबै प्रभावित भएको हुनाले त्यही ठाउँमा मात्रै बस्ती राख्नेभन्दा सुरक्षित ठाउँमा कसरी राख्ने भन्ने हेर्नुपर्छ । खोलामा थुप्रिएको गेग्रान कसरी हटाउने भन्ने पनि हेर्नुपर्छ ।

भविष्यमा बाढी आउँदा बस्तीमा नपसोस् भनेर ठूलो तटबन्ध बनाउनुपर्ने अवस्था पनि आउन सक्छ । हिमालय क्षेत्रबाट आउने बाढीले यति ठूलो रूप लिन सक्छ भन्ने कुरा ध्यानमा राखेर संरचना निर्माण गर्नुपर्ने हुन्छ । अहिलेको बाढीले छोएको क्षेत्रलाई नदीको प्राकृतिक क्षेत्रका रूपमा हेरेर पनि योजना बनाउनुपर्ने हुन सक्छ । त्यससँगै पर्यटकीय गन्तव्यको मूल्यलाई पनि जोगाउनुपर्छ । त्यहाँको सांस्कृतिक सम्पदा र सांस्कृतिक महत्वलाई पनि जीवित राख्दै पुनर्निर्माणको योजना बनाउनुपर्ने भएकाले अन्य पुनर्निर्माणभन्दा यसलाई विशेष रूपमा हेर्नुपर्ने हुन्छ । यस विषयमा छलफल जारी छ । आजै कुनै कुरा अन्तिम भइसकेको छैन । आगामी दिनमा थप जानकारी दिनेछौँ ।

***-समयमै उद्धार हुन नसकेको र स्थानीय तहसँग सङ्घीय सरकारले अपेक्षित रूपमा समन्वय गर्न नसकेको गुनासो प्रभावित क्षेत्रका जनप्रतिनिधिहरूले गरिरहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय कहाँ कमजोर भयो ? आगामी दिनमा यस्ता विपत्तिमा प्रभावकारी समन्वय र तत्काल उद्धार तथा राहत सुनिश्चित गर्न सरकारले के गर्नुपर्छ ?***

बाढी गएको दुई घण्टामै प्रधानमन्त्रीको अध्यक्षतामा विपद् परिषद्को बैठक बस्यौँ । बैठक बसेको एक घण्टाभित्र हामीले दुई करोड ५० लाख रुपैयाँ पठायौँ– रसुवामा एक करोड, नुवाकोटमा एक करोड र धादिङमा ५० लाख रुपैयाँ । त्यो रकम जिल्ला विपद् व्यवस्थापन समितिमार्फत गाउँपालिकासम्म जाने गरी पठाइएको हो । त्यसले तत्काल काम सञ्चालन गर्न सहयोग गर्छ भन्ने उद्देश्य थियो । रकम गएपछि गाउँपालिकाले आफैँ सामग्री खरिद गरेर वितरण गर्न सक्छ र त्यसको शोधभर्ना जिल्ला विपद् व्यवस्थापन समितिमार्फत प्राधिकरणसम्म आउने व्यवस्था छ ।

विपद् ऐन, २०७४ ले सबैको भूमिका स्पष्ट गरेको छ । नेपालको संविधानले पनि स्थानीय सरकारको भूमिकालाई स्पष्ट रूपमा व्याख्या गरेको छ । त्यसैले सहजीकरण र समन्वयमा सङ्घीय सरकारले प्रदेश र स्थानीय सरकारसँग तथा स्थानीय सरकारले पनि आवश्यकतानुसार सङ्घीय सरकारसँग समन्वय गर्नुपर्छ । तीनै तहको भूमिका संविधान र कानुनले स्पष्ट गरेको छ । त्यसैले कसले कससँग समन्वय गऱ्यो वा गरेनभन्दा पनि विपत्तिको समयमा कसरी समन्वय गरेर अगाडि बढ्ने भन्ने कुरा महत्वपूर्ण हुन्छ । कति सक्रिय र अग्रसर हुने भन्ने कुरा महत्वपूर्ण हुन्छ । त्यही दिन राति गृहमन्त्रीको नेतृत्वमा विमानस्थलबाट आठ ट्रक राहत सामग्री नुवाकोट पठायौँ । हवाई उद्धार रातिमा सम्भव नहुने भएकाले त्यही दिन राति नै सामग्री पठाएका हौँ ।

त्यसपछि वितरणको प्रक्रिया पनि सुरु भयो । अहिले रसुवासम्म, धुन्चेसम्म सडक खुलिसकेको छ र वैकल्पिक बाटो पनि खुलेको छ । त्यहाँबाट पनि राहत सामग्री पठाइरहेका छौँ । हेलिकोप्टरहरू पनि व्यवस्थापनका लागि परिचालन भइरहेका छन् । जहाँ पहाडी क्षेत्रमा राहत सामग्री पुग्न कठिन भएको छ, त्यहाँ सेनाले खाद्य सामग्री पठाएको छ । स्थानीय सरकारले पनि धेरै ठाउँमा खाना खुवाइरहेको जानकारी आएको छ । अन्तर्राष्ट्रिय सङ्घसंस्था र गैरसरकारी संस्थाले पनि विभिन्न ठाउँमा खाना खुवाउने, शिविर व्यवस्थापनमा सहयोग गर्ने र स्वास्थ्य सेवामा सहयोग गर्ने काम गरिरहेका छन् ।

यति ठूलो विपत्तिमा सुरुमा केही अन्योल हुनु स्वाभाविक हो तर हामीले चौबीसै घण्टा काम गरिरहेका छौँ । छ दिनदेखि लगातार काम भइरहेको छ । कर्मचारीहरू राति करिब १२ बजे घर जाने र बिहान ६ बजे नै कार्यालय आइपुग्ने अवस्था छ । यही स्तरमा सबै तहले काम गर्ने हो भने हामी यो विपत्तिबाट पार पाउन सक्छौँ । अहिले कसले समन्वय गऱ्यो वा गरेन भन्दा पनि कसरी समन्वय गर्ने भन्ने विषयमा समाधानमुखी भएर अघि बढ्नु नै विपद् व्यवस्थापनको सही सिद्धान्त हो ।

***-पूर्वतयारी र पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउन सकेको भए यसबाट भएको मानवीय क्षति केही हदसम्म कम गर्न सकिन्थ्यो कि ? विपद् व्यवस्थापनमा हाम्रो तयारी र पूर्वसूचना प्रणाली कहाँ चुकेको हो ?***

हामीसँग पूर्वसूचनाका लागि आवश्यक अग्रिम समय अर्थात् पूर्वसूचना दिएर मानिसलाई सुरक्षित ठाउँमा जान सक्ने समय हुनुपर्ने हो । तर माथिल्लोतटीय क्षेत्रमा, हाम्रो उत्तरी सीमामा रहेको भन्सार कार्यालयलगायत त्यहाँका संरचनाबाट मानिसलाई सुरक्षित ठाउँमा जान पर्याप्त समय मिलेन । एकैचोटी ठूलो बाढी आयो । त्यस क्रममा नेपालतर्फ रहेको बाढी मापन केन्द्र पनि बगायो । केन्द्र बगेपछि बाढीको पानी कति ठूलो थियो भन्ने मापन गर्न सकिएन तर जिल्ला प्रशासनबाट आएको सूचनाका आधारमा हामीले पाँच मिनेटभित्रै एसएमएस सूचना जारी गऱ्यौँ ।

रसुवाको उत्तरी क्षेत्रदेखि चितवनसम्म चारवटा क्षेत्रमा विभाजन गरेर-माथिल्लोतटीय, मध्यतटीय, तल्लोतटीय र धेरै तल्लो तटीय क्षेत्र-एसएमएस सूचना जारी गऱ्यौँ । सबैलाई सुरक्षित रहन, सुरक्षित ठाउँमा जान र ठूलो बाढी आएको जानकारी दियौँ । त्यसले पनि मानिसको ज्यान जोगाउन महत्वपूर्ण भूमिका खेल्यो । महाप्रलयजस्तो बाढी आउँदैछ भनेर हामीले स्पष्ट रूपमा भन्न सक्ने अवस्था किन भएन भने हाम्रो बाढी मापन केन्द्र नै बगेको थियो । केन्द्र बगेपछि बाढीको आकार कति ठूलो छ भन्ने थाहा पाउन सकिएन । त्यसकारण कतिपय मानिसले 'बाढी त सधैँ आउँछ, प्रत्येक वर्ष आउँछ, यस वर्ष पनि बाढी आयो' भन्ने रूपमा लिए । त्यसैले कतिपयले घर छाडेर सुरक्षित ठाउँमा जाने अवस्था पनि बनेन । यसले ठूलो विपत्ति निम्त्यायो ।

जलवायु परिवर्तनको प्रभावलाई पनि राखेर हेर्दा यो जोखिम अहिले भोटेकोसी र रसुवामा आएको जोखिममा मात्र सीमित छैन । नेपालका तीन-चारवटा ठूला जलाधार अर्को देशसँग जोडिएका छन् । अर्को देशसँग जोडिएको जलाधारको माथिल्लो क्षेत्रमा के भइरहेको छ भन्ने जानकारी हामीले पाएनौँ भने त्यहाँ हुने गतिविधिको असर तल्लोतटीय क्षेत्रमा पर्न सक्छ । त्यो गतिविधि जलवायु परिवर्तनसँग सम्बन्धित होस् वा हिमाल अर्थात् हिममण्डलीय पारिस्थितिक

***बाँकी तीन पृष्ठमा***

## *'भोटेकोशी बाढीपछि ...*

प्रणालीमा आएको परिवर्तन होस्, त्यसको जानकारी नपाएसम्म तल्लोतटीय क्षेत्रमा हामीले समयमै थाहा पाउन सक्दैनौँ ।

***-नेपाल र चीनबीच विपद्‌सम्बन्धी पूर्वसूचना तथा तथ्याङ्क आदानप्रदानमा समन्वयको कमी देखिएको हो ? आगामी दिनमा सीमापार विपद्‌को जोखिम न्यूनीकरणका लागि दुई देशबीच -कस्तो पूर्वसूचना र सूचना आदानप्रदान संयन्त्र आवश्यक देख्नुहुन्छ ?***

हामीले पहिलेदेखि नै भन्दै आएको सीमापार पूर्वसूचना प्रणाली, दुई देशबीचको पूर्वसूचना प्रणाली वा बहुदेशीय पूर्वसूचना प्रणाली आवश्यक छ । अहिले समग्र विपद् सूचना सम्प्रेषण र आदानप्रदानमा कमजोरी देखिएको हो । चीनले पनि थाहा पायो कि पाएन भन्ने कुरा अहिले स्पष्ट छैन । सायद उसलाई पनि थाहा नहुन सक्छ । त्यहाँ पनि त्यस्तो प्रणाली नभएको हुन सक्छ । त्यसैले चीनबाट सूचना आयो वा आएन भन्नेभन्दा पनि आगामी दिनमा त्यस्तो प्रणाली बनाउनुपर्ने रहेछ भन्ने कुरा महत्वपूर्ण हो । माथिल्लोतटीय क्षेत्रमा के भइरहेको छ भन्ने जानकारी देशको सीमा नहेरी प्रवाह गर्न सक्ने हो भने यसले मानिसको ज्यान जोगाउन ठूलो भूमिका खेल्न सक्छ । त्यसैले पूर्वसूचना प्रणाली सबैका लागि आवश्यक छ । हिममण्डलीय पारिस्थितिक प्रणालीमा कस्तो परिवर्तन आएको छ भन्ने जान्न जरुरी छ । त्यसलाई समग्रमा हामी विपद् जोखिमको ज्ञान भन्छौँ ।

पूर्वसूचना प्रणालीका चारवटा मुख्य आधारमध्ये पहिलो आधार भनेको विपद् जोखिमको ज्ञान हो । कुनै निश्चित ठाउँमा कस्तो खालको विपद् जोखिम छ र कतिबेला त्यसले विपत्तिको रूप लिनसक्छ भन्ने जानकारी हामीसँग हुनुपर्छ । दोस्रो भनेको त्यसको निगरानी हो । निगरानीका लागि मौसम मापन तथा जलविज्ञान प्रणालीको निगरानी गर्ने मौसमसम्बन्धी र जलसम्बन्धी निकाय हुन्छन् । नेपालमा पनि त्यस्ता निकाय छन् । उहाँहरूले निगरानी गर्ने र कतिबेला जोखिम बढ्छ, कतिबेला त्यसले क्षति गर्न सक्छ भन्ने जानकारी दिने हो । त्यसपछि सूचना प्रवाह र सञ्चारको कुरा आउँछ । सूचना आइसकेपछि त्यसलाई कसरी प्रवाह गर्ने ? तल्लोतटीय क्षेत्रमा कसरी पुऱ्याउने ? भोटेकोशीकै जलाधारको कुरा गर्दा पनि यो पाँचवटा जिल्लासम्म जोडिएको रहेछ । ती पाँचवटा जिल्लामा कसरी सूचना पुऱ्याउने र स्थानीय अवस्थाअनुसार कसरी सूचना दिने भन्ने कुरा महत्वपूर्ण हुन्छ ।

***-बाढीपछि अहिले अर्को चुनौती जनस्वास्थ्यको देखिएको छ । कतिपय शव लामो समयसम्म पहिचान तथा व्यवस्थापन हुन नसक्दा कुहिने अवस्था छ । यसबाट पानी तथा वातावरण प्रदूषित हुनुका साथै सङ्क्रामक रोग फैलिने जोखिम पनि हुन सक्छ । यस्तो अवस्थामा प्रभावित क्षेत्रमा जनस्वास्थ्यको जोखिम न्यूनीकरण गर्न सरकारको तयारी र व्यवस्थापन के छ ?***

त्यसमा काम भइरहेको छ । स्वास्थ्यको विषयमा स्वास्थ्य टोलीले काम गरिरहेको छ । सरसफाइका लागि आवश्यक औषधि छर्किने कामदेखि शव व्यवस्थापनसम्मका कार्य भइरहेका छन् । स्वास्थ्य मन्त्रालयले यसको नेतृत्व गरिरहेको छ । स्वास्थ्य मन्त्रालय त्यसमा काम गरिरहेको छ । खाद्य तथा अन्य वातावरणीय विषयमा सम्बन्धित मन्त्रालयहरूले काम गरिरहेका छन् । सडक खोल्ने काममा पूर्वाधार मन्त्रालयले काम गरिरहेको छ । यसरी सबै मन्त्रालयले आ-आफ्नो क्षेत्रबाट काम गरिरहेका छन् ।

***-भोटेकोशी बाढीले सिकाएको मुख्य पाठ के हो ?***

अहिले भोटेकोशीमा भएको घटना महाकालीमा पनि हुन सक्छ, कर्णालीमा पनि हुन सक्छ र कोसीमा पनि हुन सक्छ भन्ने यस घटनाले देखाएको छ । त्यसैले आगामी दिनमा यस्ता महाविपत्ति नहोस् भनेर हामीले सूचनाको अहिलेको अवस्थाबाट ठूलो फड्को मार्नुपर्ने र अझ उन्नत बनाउनुपर्ने आवश्यकता छ । सञ्चारको पक्षलाई पनि बलियो बनाउनुपर्छ । वास्तविक समयमा कस्तो परिवर्तन भइरहेको छ भन्ने थाहा पाउने प्रणाली बलियो बनाउन आवश्यक छ । त्यसका लागि संस्थागत विकास, प्रदेश सरकारको भूमिका, स्थानीय सरकारको भूमिका, वडा तहका विपद् व्यवस्थापन समितिको भूमिका र केन्द्रमा मौसमसम्बन्धी निकाय, जलसम्बन्धी निकाय तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको भूमिका महत्वपूर्ण हुन्छ ।

त्यससँगै समुदायले पनि सूचना बुझ्नुपर्छ । बाढी आयो भने समुदायले 'बाढी त सधैँ आउँछ' भन्ने हुनसक्छ । तसर्थ बाढी आयो भन्ने मात्रै होइन, 'महाविपत्तिको बाढी आउँदैछ' भनेर बुझ्नुपर्ने अवस्था हुनसक्छ भन्ने यस घटनाले सिकाएको छ । कस्तो बाढी आउँदैछ ? कुन स्तरको बाढी आउँदैछ ? त्यसले कस्तो प्रभाव पार्न सक्छ ? भन्ने जानकारी दिन जरुरी छ । त्यसैले आजैदेखि यसमा काम गर्नुपर्छ । हाम्रो केन्द्र बग्यो भन्दैमा हामी चुप लागेर बस्दैनौँ । हेलिकोप्टरबाट भोटेकोशीको माथिल्लो क्षेत्रमा एउटा बाढी मापन केन्द्र राख्दैछौँ । सम्भवतः मंगलबार साँझसम्म त्यो राखिसक्छौँ र मंगलबारदेखि त्यसले तथ्याङ्क दिन थाल्छ । त्यो तथ्याङ्क आएपछि कसैले 'यहाँ ठूलो आवाज आयो, बाढी आयो' भनेर भन्नुपर्ने छैन । हाम्रो प्रणालीले नै सूचना दिन्छ । प्रणालीले सूचना दिएपछि हामीले बाढीको वास्तविक स्तर थाहा पाउन सक्छौँ ।

ेसस्काठमाडौँस्थित जल तथा मौसम विज्ञान विभागको प्रणालीमा पनि त्यो देखिन्छ । त्यसपछि एसएमएस सूचनामा जनतालाई कस्तो सन्देश दिने भन्ने पनि स्पष्ट हुन्छ । डेढ घण्टा, दुई घण्टा, चितवन पुग्न तीन घण्टासम्मको समय पाउन सकिन्छ । तीन घण्टा भनेको मानिसको ज्यान जोगाउन ठूलो समय हो । त्यसैले माथिल्लोतटीय क्षेत्रमा कतिबेला ठूलो विपत्ति भयो र त्यो तल्लोतटीय क्षेत्रमा कतिबेला पुग्छ भन्ने हिसाब ठाउँअनुसार गर्न सकिन्छ । जसरी बस छुटेपछि 'यतिबेला यहाँ पुग्छ, यतिबेला त्यहाँ पुग्छ' भनिन्छ, त्यसरी नै बाढी पनि यहाँबाट सुरु भयो भने यतिबेला यहाँ पुग्छ भनेर जानकारी दिन सकिन्छ ।

त्यसअनुसार मानिसले समयमै सुरक्षित ठाउँमा जानुपर्छ । कतिपय अवस्थामा मानिस आफैँ नजाने अवस्था हुन सक्छ, त्यसैले बलपूर्वक सुरक्षित ठाउँमा लैजानुपर्ने अवस्था पनि आउन सक्छ । यस्तो अवस्थामा राज्यले बल प्रयोग गरेर पनि उद्धार गर्नुपर्ने हुन सक्छ । यस घटनाले आगामी दिनमा यस्तो महाविपत्ति आउँदा राज्यले के-के गर्ने भन्नेबारे पनि पाठ सिकाएको छ । त्यसबाट सिक्दै आगामी दिनमा थप काम गर्नुपर्ने देखिन्छ ।

***-अहिले भएको ठूलो जनधनको क्षतिपछि खोज तथा उद्धारसँगै प्रभावितलाई राहत र पुनःस्थापनाको काम पनि चुनौतीपूर्ण बनेको छ । यसलाई अझ प्रभावकारी बनाउन सरकारले तत्काल र आगामी दिनमा के-के काम गर्ने नीति लिएको छ ?***

अहिले दुई-तीनवटा पक्षमा काम भइरहेको छ । पहिलो, खोज तथा उद्धारको काम तीव्र गतिमा भइरहेको छ । पहिलो दुई दिन भूगोल निकै अप्ठ्यारो थियो । मौसमले पनि साथ दिएन । हेलिकोप्टर उडायौँ, फर्केर आयो, नुवाकोटसम्म मात्रै पुग्यो । रसुवा पुग्न केही समय लाग्यो । त्यहाँ धार्मिक पर्यटक तथा अन्य पर्यटक पनि भएको र खोलाको किनारमा बस्तीहरू पनि रहेकाले ठूलो मानवीय क्षति व्यहोर्नुपऱ्यो । अहिले हाम्रो मुख्य ध्यान खोज तथा उद्धारमा थियो । अब राहत वितरणको काम भइरहेको छ । हामीले २१ वटा विभिन्न शिविर बनाएका छौँ । ती शिविरमा ठूलो सङ्ख्यामा मानिस बसिरहनुभएको छ । उहाँहरूका लागि खाद्यान्न, स्वास्थ्य सेवा र विद्युत् आपूर्तिको व्यवस्था गरिरहेका छौँ । अहिले पोर्टेबल जेनेरेटर पठाउने काम पनि निरन्तर भइरहेको छ । चार्जिङ स्टेसनहरू बनाएर पठाइरहेका छौँ । विभिन्न देशबाट आउने सहयोग सामग्रीमध्ये अहिले तत्काल आवश्यक पर्ने सामानको सूची पनि बनाएर पठाइरहेका छौँ ।

दुबई सरकारले हिजो हामीसँग १० मिलियन अमेरिकी डलर बराबरको सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । त्यसमा पनि हामीलाई अहिले आवश्यक पर्ने सामग्रीबारे छलफल गरेर एउटा सूची परराष्ट्र मन्त्रालयमा पठाएका छौँ । त्यो सहयोग पनि आउँदैछ । समग्रमा अहिलेको महाविपत्तिलाई कसरी सम्बोधन गर्ने भन्नेमा काम भइरहेको छ । यसबाट प्रभावित मानिसमा ठूलो पीडा छ । प्रभावितलाई मात्र होइन, आम नेपालीलाई पनि यसको पीडा परेको छ । भारत र चीनलगायत धेरै देशका नागरिक पनि प्रभावित भएका छन् । कतिपयको मृत्यु भएको छ, कतिपयको शव प्राप्त भएको छ भने कतिपयको खोजी भइरहेको छ ।

अबका दिनमा पनि दिनरात नभनी काम गर्नुपर्ने अवस्था छ । अहिले छवटा जलविद्युत् आयोजनाका सुरुङमा मानिस थुनिएको भनिएको छ । त्यसका लागि भारतबाट एउटा विशेषज्ञ टोली आएको छ र त्यसलाई हेलिकोप्टरबाट तुरुन्तै त्यहाँ पठाएका छौँ । मानवताका लागि राज्यले गर्नुपर्ने काममा कुनै कसर बाँकी नराखी आफ्नो शक्ति र क्षमताले भ्याएसम्म काम गरिरहेका छौँ । प्रदेश सरकारसँग पनि समन्वय भइरहेको छ । हिजो बागमती प्रदेशका मुख्यमन्त्रीलाई बोलाएर छलफल गऱ्यौँ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले प्रदेशको भूमिका स्पष्ट रूपमा तोकेको छ । प्रदेशले कोष स्थापना गर्ने, राहत तथा उद्धारमा काम गर्ने र विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा काम गर्ने कुरा ऐनले स्पष्ट गरेको छ । त्यसैले प्रदेशले आफ्नो क्षेत्रमा कसरी काम गर्ने भन्ने विषयमा पनि छलफल गऱ्यौँ ।

मुख्यमन्त्रीज्यूले सङ्घीय सरकारले जसरी राहत सामग्री तलसम्म पुऱ्याएको छ, अब त्यसको वितरण र स्थानीय व्यवस्थापनको जिम्मा प्रदेशले पनि आफ्नो भूमिकाअनुसार लिने प्रतिबद्धता जनाउनुभएको छ । स्थानीय सरकारसँग पनि त्यहीअनुसार समन्वय भइरहेको छ । कतिपय ठाउँमा स्थानीय सरकारले पहिलो दिनदेखि नै काम गरिसकेको अवस्था छ । स्थानीय सरकारसँगको समन्वयमा राहत सामग्री पुऱ्याउने काम पनि भइरहेको छ । समग्रमा सङ्घीय सरकारले अन्तर्राष्ट्रिय समन्वय गर्ने, अन्तर्राष्ट्रिय राहत तथा उद्धार सामग्री ल्याउने र अन्तर्राष्ट्रिय विज्ञहरू ल्याउने काम गर्छ । त्यसलाई कार्यान्वयनको तहमा विपद् ऐन, २०७४ ले दिएको जिम्मेवारीअनुसार प्रदेश र स्थानीय सरकारले काम गरिरहेका छन् ।

***-नेपालले लामो समयदेखि जलवायुजन्य हानि-नोक्सानी र जलवायु न्यायका विषयमा आवाज उठाउँदै आउनुभएको छ । भोटेकोशी बाढीपछि पुनःस्थापना र पुनर्निर्माणका लागि ठूलो स्रोत आवश्यक पर्ने देखिएको छ । यस्तो अवस्थामा नेपालले थप ऋणको भार नबोकी अनुदानमा आधारित जलवायु वित्त तथा हानि-नोक्सानीसम्बन्धी अन्तर्राष्ट्रिय कोषबाट पर्याप्त सहयोग ल्याउन अब के-कस्तो पहल गर्नुपर्छ ?***

हामीले धेरैजसो अनुदानलाई नै प्राथमिकता दिने र अनुदान नै लिने हिसाबले काम गरिरहेका छौँ । अहिलेको हानि-नोक्सानीका लागि अन्तर्राष्ट्रिय कोषबाट पनि नेपाललाई सहयोग आउने प्रतिबद्धता भएको छ । त्यसका लागि हाम्रो काम भइरहेको छ र प्रस्ताव पनि पठाएका छौँ । धेरै दातृ निकायले पनि सहयोग गर्ने प्रतिबद्धता जनाइरहेका छन् । सबै सहयोग अनुदानका रूपमा प्राप्त गर्ने गरी हामीले काम गरिरहेका छौँ । केही समयपछि नेपाल सरकारले दातृ समुदायसँग कसरी छलफल गर्ने भन्ने योजना पनि बनाउँदैछ ।

***-विद्युत् र सञ्चार सेवा धेरै ठाउँमा पुनःस्थापित भइसके पनि बाढीका कारण सडक र पुलमा ठूलो क्षति हुँदा अझै धेरै ठाउँ सडक सञ्जालबाट विच्छेद भएका छन् । प्रभावित क्षेत्रलाई सडक सञ्जालमा जोड्न सरकारको तत्कालीन योजना के छ ?***

नेपाली सेनासँग भएका बेलीब्रिजहरू पनि तुरुन्तै त्यहाँ लगाएर जडान गर्ने विषयमा हामीले छलफल सुरु गरेका छौँ । दुबई सरकारले पनि बेलीब्रिज सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । भारत सरकारबाट पनि त्यस्तै प्रतिबद्धता आएको छ । त्यसैले अस्थायी पुलका रूपमा बेलीब्रिजहरू तुरुन्तै जडान गर्ने योजना छ । अबको केही दिनमै त्यसको परिवर्तन तपाईंहरूले देख्न सक्नुहुनेछ ।

# विश्व समाचार

## गाजामा मानवीय संकटप्रति राष्ट्रसंघको चिन्ता

संयुक्त राष्ट्रसंघ, १६ भदौ (रासस/ सिन्ह्वा) ।

गाजामा जारी इजरायली हवाई तथा सैन्य आक्रमण र वेस्ट बैंकमा हिंसाप्रति संयुक्त राष्ट्रसंघका मानवीय अधिकारीहरूले गम्भीर चिन्ता व्यक्त गरेका छन् ।

संयुक्त राष्ट्रसंघीय मानवीय मामिला समन्वय कार्यालय ( ओसीएचए) ले सप्ताहन्तमा भएका इजरायली हवाई आक्रमण तथा अन्य सैन्य कारबाहीका कारण सर्वसाधारण प्रभावित भएको भन्दै चिन्ता जनाएको हो ।

ओसीएचएका अनुसार, पछिल्ला आक्रमणमा एक बालकसमेत मारिएको र देर अल-बालाहस्थित अल-अक्सा अस्पताल परिसरमा रहेका केही सामग्रीमा समेत क्षति पुगेको रिपोर्ट प्राप्त भएको छ ।

"सर्वसाधारण र अस्पतालजस्ता नागरिक संरचनाको सधैं संरक्षण हुनुपर्छ । उनीहरूमाथि आक्रमण गर्नु वा सैन्य प्रयोजनका लागि प्रयोग गर्नु हुँदैन," ओसीएचएले भनेको छ ।

यसैबीच, आगामी वर्षायामलाई ध्यानमा राख्दै गाजामा बाढीको जोखिम न्यूनीकरण गर्न मानवीय साझेदारहरूले तयारी अघि बढाइरहेका छन् । गाजाका नगरपालिकाहरूले सयौँ स्थानमा बाढीको जोखिम पहिचान गरी आवश्यकताहरूको नक्सांकन गरेको ओसीएचएले जनाएको छ ।

बाढीको जोखिम कम गर्न नाला सफा गर्ने, भग्नावशेष तथा फोहोर हटाउने, जमिन सम्याउने, पानी तान्ने पम्प तयारी अवस्थामा राख्ने र आवश्यक उपकरण अग्रिम रूपमा भण्डारण गर्ने काम आवश्यक रहेको बताइएको छ ।

तर, पर्याप्त बजेटको अभाव, गाजामा प्रवेश गर्ने राहत सामग्रीको स्वीकृति र परिमाणमा लगाइएको सीमितता तथा इन्जिन तेल, स्पेयर पार्ट्स र भारी मेसिनरीको अभावका कारण तयारीका काम प्रभावित भइरहेका छन् ।

गाजाको अधिकांश भूभाग अझै पहुँचबाहिर रहेकाले राहत तथा तयारीका प्रयास थप चुनौतीपूर्ण बनेका छन् । बाढीको जोखिम कम भएका र विस्थापितहरूका लागि पाल स्थापना गर्न सकिने क्षेत्रसमेत ठूलो हिस्सामा पहुँच निषेध गरिएको ओसीएचएले जनाएको छ ।

यता, वेस्ट बैंकमा पनि हिंसाका घटना सप्ताहन्तमा जारी रहे । मानवीय साझेदारहरूका अनुसार विभिन्न क्षेत्रमा चोरी, आगजनी, तोडफोड, आक्रमण तथा झडपका घटनामा मानिसहरू घाइते हुनुका साथै सम्पत्तिमा क्षति पुगेको छ ।

रामल्लाहको अल-मुघय्यिर क्षेत्रमा इजरायली सुरक्षाकर्मीको साथमा आएका व्यक्तिहरूले लगातार तीन दिन आक्रमण गरेको रिपोर्ट आएको छ । ती घटनामा करिब एक दर्जन प्यालेस्टिनी घाइते भएका छन् भने कतिपय अवस्थामा मानिस तथा सवारीसाधनको आवतजावतसमेत अवरुद्ध भएको बताइएको छ ।

आक्रमणका कारण एम्बुलेन्सको आवतजावतसमेत प्रभावित भएको ओसीएचएले जनाएको छ ।

## कोलम्बियामा भएको आक्रमणमा २० जनाको मृत्यु

बोगोटा (कोलम्बिया), १६ भदौ (रासस/एएफपी) ।

कोलम्बियाको विद्रोही नियन्त्रित क्षेत्रमा नवगठित सरकारको आदेशपछि भएको बम आक्रमणमा कोलम्बियामा २० जना छापामारहरुको मृत्यु भएको कोलम्बियाका राष्ट्रपति अबेलार्डो डे ला एस्प्रियेलाले  बताउनुभएको छ ।

उहाँले आक्रमणमा २० जना नार्को-आतङ्ककारीहरुको मृत्यु भएको पुष्टि गर्दै पाँच जनालाई पक्राउ गरेको तथा दुई जना नाबालिकालाई उद्धार गरेको सामाजिक सञ्जाल एक्समार्फत जनाउनुभएको हो ।

दक्षिणी कोलम्बियाको ग्वाभियरेमा सोमबार भएको उक्त अपरेसन इभान मोर्डिस्को भनेर चिनिने कोलम्बियाको 'मोस्ट वान्टेड' विद्रोहीको कमान्डमा रहेका गुरिल्लाहरू विरुद्धको अपरेसन भएको जनाइएको छ ।

उहाँले लागुऔषध तस्करी, अवैध खनन र जबरजस्ती असुलीबाट वित्त पोषित सशस्त्र समूहहरू विरुद्ध चलाएको सैन्य कारबाहीको क्रममा उनीहरुको मृत्यु भएको बताउनुभएको छ ।

यो आक्रमण अगस्तको सुरुमा भएका गुरिल्लाहरू विरुद्ध दुई घातक हवाई आक्रमणहरू पछिको आक्रमण हो ।

मोर्डिस्को सेन्ट्रल जनरल स्टाफ (इएमसी) विद्रोही समूहका नेता हुन्, जुन दक्षिण अमेरिकी राष्ट्र कोलम्बियामा सबैभन्दा ठूलो गैरकानुनी सशस्त्र समूहहरू मध्ये एक हो । जसले पछिल्लो दशकमा खराब हिंसाको सामना गरिरहेको छ ।

सन् २०१६ को शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि इएमसी अहिले निष्क्रिय रहेको रिभोलुसनरी आर्मड फोर्सेज अफ कोलम्बिया (एफएआरसी) बाट अलग भएको जनाइएको छ । फरेन्सिक अधिकारीलगायतका स्रोतहरुले गत हप्ता हवाई आक्रमणमा मारिएका मध्ये चार जना नाबालिग रहेको बताएका छन् ।

सशस्त्र समूहहरूले सामाजिक सञ्जाल अभियानमार्फत बालबालिका र किशोरहरूलाई हिसांत्मक क्रियाकलापमा समावेश गरिरहेको अधिकार समूहहरूले चेतावनी दिएका छन् ।

# 'डिएनए' नमूना सङ्कलनपछि २८० शवको व्यवस्थापन

चितवन, १६ भदौ (रासस)।
रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीपछि त्रिशूली र नारायणी नदीका तटीय क्षेत्रमा फेला परेका शवमध्ये हालसम्म २८० शवको 'फरेन्सिक' परीक्षण तथा 'डिएनए' नमूना सङ्कलन गरी चितवनको देवघाटस्थित व्यवस्थापन स्थलमा सुरक्षित रूपमा व्यवस्थापन गरिएको छ।

भरतपुर अस्पतालका प्रवक्ता डा रामप्रसाद सापकोटाका अनुसार यही भदौ १० गते रातिदेखिनै सुरक्षाकर्मीले त्रिशूली नदीबाट सङ्कलन गरेका शव अस्पतालमा ल्याई संरक्षण गरेका थिए। यही भदौ ११ गते बिहानदेखि फरेन्सिक विज्ञको नेतृत्वमा चिकित्सक टोली परिचालन गरी शव पहिचानका लागि आवश्यक फरेन्सिक परीक्षण, डिएनएलगायत जैविक नमूना सङ्कलन तथा अभिलेखीकरणको काम सुरु गरिएको हो।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेलका अनुसार हालसम्म त्रिशूली र नारायणी नदीबाट ३२१ शव सङ्कलन गरिएको छ। तीमध्ये १२ शवको सनाखत भई आफन्तले बुझिसकेका छन्। सङ्कलित शवमध्ये ६६ महिला, ११६ पुरुष, सात बालक, छ बालिका र १२६ पहिचान खुल्न नसकेका वा अवस्था नखुलेका शव रहेका छन्।

उहाँले भविष्यमा पहिचान गर्न सकिने गरी अन्तरराष्ट्रिय मान्यताअनुसार देवघाटस्थित व्यवस्थापन स्थलमा सुरक्षित रूपमा ती शवको व्यवस्थापन गरिएको बताउनुभयो। भदौ १३ गते ९६ शव, भदौ १४ गते १०३ शव र भदौ १५ गते ८१ शव व्यवस्थापन गरिएको हो।

प्रहरी उपरीक्षक पौडेलले नदी किनारमा शव खोज्ने कार्य अझै दैनिक रूपमा जारी रहेको बताउनुभयो। नदीबाट फेला परेका शव भरतपुर अस्पताल ल्याई फरेन्सिक परीक्षण र डिएनए नमूना सङ्कलन गरेपछि देवघाटस्थित व्यवस्थापनस्थलमा सुरक्षित रूपमा व्यवस्थापन गर्ने कार्य निरन्तर भइरहेको उहाँले जानकारी दिनुभयो।

# पहिचान हुन नसकेका शव जमिनमुनि व्यवस्थापन गरिँदै

गण्डकी, १६ भदौ (रासस)।
रसुवाको भोटेकोशी नदीमा गत बुधबार गएको बाढीमा मृत्युवरण गरी हालसम्म पहिचान हुन नसकेका शव कानुनी प्रक्रियाअनुसार जमिनमुनि व्यवस्थापन गरिने भएको छ।

नवलपुर, धादिङ, तनहुँ र गोरखाबाट पोखरा ल्याइएका एक सय दुई शवमध्ये सोमबारसम्म जम्मा १६ शव पहिचान गरी आफन्तलाई बुझाइएको कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङले बताउनुभयो।

"शव पहिचान गरी आफन्तलाई बुझाउन नसकिएका बाँकी शवलाई जमिनमुनि व्यवस्थापन गर्छौं", उहाँले भन्नुभयो, "डिएनए नमूना सङ्कलनसहित सम्पूर्ण कानुनी र वैज्ञानिक प्रक्रिया पूरा गरेर मात्र शव व्यवस्थापनको काम हुन्छ।" डिएनएसँग मेल खाएमा पछि पुनः पहिचान गरी आफन्तलाई शव बुझाउन मिल्ने गरी व्यवस्थापन गरिने प्रजिअ गुरुङको भनाइ छ।

पहिचान हुन नसकेका शवलाई पहिचान हुन नसकेका तथा बेवारिसे शव व्यवस्थापन निर्देशिकाअनुसार व्यवस्थापन गरिने उहाँले बताउनुभयो। शव व्यवस्थापनका लागि सम्भावित स्थलको खोजीलगायत अन्य व्यवस्थापकीय तथा प्राविधिक तयारी भइसकेको उहाँको भनाइ छ। अस्पतालमा राखिएका सबै शवको परीक्षण भइसकेको जनाइएको छ।

शव पहिचानका लागि तस्बिर स्क्रिनमा राखेर आफन्तलाई हेर्ने व्यवस्था मिलाइएको छ। आफन्तहरु तस्बिर हेरेर शव पहिचान गर्ने प्रयासमा छन्। शवको खोजीमा आएका आफन्तहरुलाई खाना र बासको व्यवस्था मिलाइएको प्रजिअ गुरुङले बताउनुभयो। शव पहिचानका लागि अस्पताल परिसरमा सहायता कक्ष पनि राखिएको छ।

बाढीले बगाएर शव विभिन्न जिल्लामा पुऱ्याएका कारण शव पहिचान नै जटिल बन्दै गएको छ। कतिपय शव क्षतविक्षत भएकाले चिन्नै नसकिने अवस्थामा रहेको जनाइएको छ। नवलपुरबाट ४१, धादिङबाट २७, तनहुँबाट २३ र गोरखाबाट ११ शव पहिचान तथा परीक्षणका लागि पोखरा ल्याइएको थियो। पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र मणिपाल शिक्षण अस्पतालमा शव राखिएको छ।

# चार हजार २७० जनाको उद्धार, चार हजार ५९९ अझै बेपत्ता: नेपाल प्रहरी

काठमाडौँ, १६ भदौ (रासस)।
भोटेकोशी हुँदै त्रिशूली नदीमा गएको बाढीमा परी सम्पर्कविहीन भएकामध्ये हालसम्म चार हजार २७० जनाको उद्धार गरिएको र चार हजार ५९९ जना अझै बेपत्ता रहेको नेपाल प्रहरीले जनाएको छ। प्रहरी प्रधान कार्यालय नक्सालका अनुसार बाढीबाट प्रभावित तीन हजार तीन पुरुष, एक हजार २५४ महिला र पहिचान नखुलेका १३ जना गरी चार हजार २७० जनाको उद्धार गरिएको हो। अन्य सुरक्षा निकायसहित विभिन्न पक्षबाट समेत गरी १२ हजारभन्दा बढी बाढी प्रभावितको उद्धार भइसकेको प्रहरीले स्पष्ट गरेको छ।

उद्धार कार्यलाई तीव्र बनाइए पनि उल्लेख्य सङ्ख्यामा मानिस अझै सम्पर्कविहीन रहेको अवस्थालाई दृष्टिगत गरी खोजी तथा उद्धार कार्यलाई थप प्राथमिकता दिई सुरक्षाकर्मीसहित सरकारी संयन्त्र परिचालित गरिएको छ।

नेपाल प्रहरीका प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेका अनुसार उद्धार गरिएकामध्ये तीन हजार ४५३ जनालाई 'होल्डिङ सेन्टर'मा राखिएको छ। नुवाकोटमा दुई हजार ४६६, धादिङमा २६०, रसुवामा ३९८ र काठमाडौँमा ३२९ जना होल्डिङ सेन्टरमा रहेका छन्।

विनासकारी बाढीमा परी ज्यान गुमाएका १२१ महिला, १९८ पुरुष र पहिचान नखुलेका २६२ गरी ५८१ जनाको शव जमिनमा गाडेर व्यवस्थापन गरिएको छ भने ५६ वटा शव मृतकका परिवार तथा आफन्तलाई हस्तान्तरण गरिएको प्रहरीले जनाएको छ।

प्रहरी प्रवक्ता काफ्लेका अनुसार हालसम्म एक हजार १० जनाको शव फेला परेको छ। फेला परेका शवमध्ये ३० बालक, ३५ बालिका, २०९ महिला, ३८५ पुरुष र ३५१ जना आंशिक अङ्गसहितका रहेका छन्। शवको पहिचान तथा व्यवस्थापनको प्रक्रिया पनि सँगसँगै अघि बढाइएको प्रहरीले जनाएको छ।

दुई हजार ३१२ पुरुष र ३६८ महिला गरी दुई हजार ६८० नेपाली, विदेशीतर्फ २५१ पुरुष र ३३० महिला गरी ५८१ तथा फोनबाट टिपाइएका एक हजार ३२९ जना बेपत्ता अवस्थामा रहेका छन्। बाढी प्रभावित क्षेत्रमा खोजी, उद्धार, शव व्यवस्थापन तथा बेपत्ताको विवरण सङ्कलनलाई निरन्तरता दिइएको प्रहरीले जनाएको छ।

भोटेकोशीमा गएको अकल्पनीय बाढीबाट रसुवासहित नुवाकोट, धादिङलगायतका क्षेत्रमा ठूलो जनधनको क्षति भएको विषम परिस्थितिमा उद्धार, राहत वितरण तथा पुनर्स्थापनातर्फ उच्च प्राथमिकताका साथ समन्वयात्मक ढङ्गबाट सरकारी संयन्त्र अहोरात्र क्रियाशील रहेको प्रहरीले स्पष्ट गरेको छ।

# बाढी प्रभावित ११० स्थानमा नेपाल टेलिकमको सेवा पुनः सञ्चालन

काठमाडौँ, १६ भदौ (रासस)।
नेपाल टेलिकमले बाढीबाट प्रभावित थप चार स्थान (साइट) मा सञ्चार सेवा पुनः सञ्चालनमा ल्याएको छ। टेलिकमले सोमबार रसुवाका जिबजिबे र सरमथली, धादिङको बेनीघाट तथा नुवाकोटको त्रिशूली बजारस्थित साइट सेवा सञ्चालनमा ल्याएको हो।

यससँगै बाढीबाट प्रभावित भएका नेपाल टेलिकमका कुल १२० मध्ये ११० साइट सञ्चालनमा आएका छन्। जिबजिबे टावर सञ्चालनमा आएसँगै भोर्ले, चिती, गाइसौरा, भोर्लेलगायत नौकुण्ड गाउँपालिका-५ र ६ का विभिन्न स्थानका सेवाग्राहीले सञ्चार सेवा प्राप्त गरेका छन्। सरमथली टावरबाट यार्सा, लच्याङ, सिमबन्दी, बिजिली जोडलगायत आसपासका क्षेत्रका सेवाग्राही लाभान्वित हुने टेलिकमले जनाएको छ।

धादिङको बेनीघाट साइट सञ्चालनमा आएपछि बेनीघाट बजार तथा आसपासका क्षेत्रमा सञ्चार सेवा सहज हुनेछ। नुवाकोटको त्रिशूली साइट सञ्चालनमा आएसँगै त्रिशूली बजार, ढुङ्गे तथा आसपासका क्षेत्रमा सेवा पुनः सहज भएको छ। बाढीका कारण अवरुद्ध भएका बाँकी साइटहरू पनि क्रमशः सञ्चालनमा ल्याउने कार्य भइरहेको नेपाल टेलिकमले जनाएको छ।

# विपद्मा मन फुकाउँदै मधेस

महोत्तरी, १६ भदौ (रासस)।
'पहाडलाई घाउ लागे मधेसलाई दुख्छ,
मधेसलाई ठेस लागे हिमालले झुक्नुपर्छ।'

नेपाली राष्ट्रिय भावना मुखरित गर्ने यी पङ्क्ति यतिबेला मधेसको महोत्तरीमा चरितार्थ हुँदैछ। भोटेकोशी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोर्खा, तनहुँ र चितवनसम्मका बासिन्दाको पीडामा मलहम लगाउन मधेसको महोत्तरीमा सहयोग सङ्कलन तीव्र रुपमा अगाडि बढेको छ।

बाढीको कहरबाट कैयौं घरपरिवार उजाडिएको खबरबाट चिन्ताले छटपटिएकी महोत्तरीको बर्दिबास-१ की ७५ वर्षीया वृद्धा देवकुमारी पौडेलले मन थाम्न सक्नुभएन। बाढीपीडितको राहत उद्धार पुनःस्थापनामा आफ्नो थोरै योगदान होस् भनेर उहाँले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा रु २० हजार जम्मा गर्नुभयो।

सामान्य आर्थिक अवस्थाकी पौडेलले घर नजिकै महिला उत्थान बहुद्देश्यीय सहकारी संस्थामा बुढ्यौलीको सहारा भनेर जम्मा गर्नुभएको ज्येष्ठ नागरिक बचत खाताबाट निकालेर आइतबार नै उक्त रकम कोषमा जम्मा गर्नुभएको हो।

"बुधबारयता दिनदिनै बाढीको पीडाका खबर सुन्दैछु, बाढीपीडितलाई उद्धार गर्न ठाउँठाउँबाट सहयोग पुग्न थालेको सुनें, यसमा म पनि जोडिनुपर्छ भन्ने लाग्यो", उहाँले भन्नुभयो, "आफू त रकम पठाउन जान्दैनथे, छोरालाई पठाउन लगाएँ।" आफूजस्तै सबैले पठाएका रकम दुःखमा परेका परिवारमा बिना भेदभाव पुगोस् भन्ने उहाँको सदीक्षा छ। ७५ वर्षीया वृद्धाको यो कार्यसँगै छिमेकीले पनि आफूले सकेको रकम धमाधम पठाउन थाले।

"यति रकमले के हुन्छ र भन्ने होइन, थोपाथोपा मिलेर समुद्र बनेजस्तै त हो नी! सबैले यो आपतमा आफूले सकेको गर्नुपर्छ", पौडेल सबैलाई प्रेरित गर्दै भन्नुहुन्छ, "दुई चार जनाको घाउमा मलहम त पुग्छ नी!" यस अभियानले महोत्तरीको बर्दिबासमा उद्धार कोषमा रकम पठाउने लहर नै चलेको छ।

आइतबार नै बर्दिबास-१ कै व्यवसायी तथा योग प्रशिक्षक सुमित्रा भट्टराईले कोषमा ५१ हजार दाखिला गर्नुभएको छ। "यो सहयोग प्रचारका लागि हैन, मलहमका लागि हो", भट्टराई भन्नुहुन्छ, "तर कोषमा रकम दिन आमजनतालाई उत्प्रेरित गर्न मैले सहयोग रक सार्वजनिक गरेकी हुँ। यो अभियानले सहयोग गर्नेहरु बढ्ने उहाँको विश्वास छ।"

नभन्दै आइतबार नै बर्दिबास-१ स्थित देउराली कीर्तन महिला समूहले तीजको दर खान भनेर जम्मा गरेको रु ३० हजार रकम पठाएका छन्। "चाडपर्व त खुसीमा न हो, मुलुक रोएका बेला छ, त्यसैले थोरै भए पनि रकम पठायौं", समूहकी अध्यक्ष अप्सरा रिसालले भन्नुभयो। यसैगरी आइतबार नै बर्दिबास-१० खयरमाराका सामाजिक अगुवा पोषण थापाले कोषमा रु ५० हजार पठाउनुभयो। हिमाली जिल्ला रसुवा हुँदै नुवाकोट, धादिङ, गोर्खा, तनहुँ र चितवनसम्म ताण्डव मच्चाएको यो बाढीले पहाड ध्वस्त बनाएको खबर सुनेर मधेसमा छटपटी बढेको छ। "बाढीले पाहाडमात्र भत्काएको छैन, मधेसका कैयौं घरमा पारिवारिक विछोडको वेदना दिएको छ", उद्धार कोषमा रु ५० हजार जम्मा गर्नुभएका थापा भन्नुहुन्छ, "यो दुःखमा सम्पूर्ण नेपाली एक छौं भन्ने सन्देश काम र व्यवहारबाट हामी सबैले देखाउनुपर्छ।"

महोत्तरीमा उद्धार कोषमा रकम पठाउन अहिले व्यवसायी, उद्यमी, सर्वसाधारण सक्रिय भएका छन्। यो अभियानमा नेपाल होटल तथा पर्यटन व्यवसायी महासङ्घ मधेस प्रदेशले आइतबार रु ११ लाख ७९ हजार जम्मा गरेको छ। "हामीले यो दुःखमा मधेस साथ छ भन्ने सन्देश प्रवाह गर्न चाहेका हौं, मधेसका विभिन्न होटलबाट प्राप्त रकम कोषमा पठाएका छौं", महासङ्घका मधेस प्रदेश अध्यक्ष हिरालाल गौतम भन्नुहुन्छ, "यो दुःखका बेला हामी सबै राहत उद्धार कार्यमा सरकारका साथ छौं।"

यसैगरी, बर्दिबास उद्योग वाणिज्य सङ्घले उद्यमी/व्यापारीबाट सङ्कलित रु आठ लाख प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पठाएको छ। यस्तै जिल्लाका स्थानीय तहहरुले पनि संस्थागत निर्णय गरेर धमाधम कोषमा रकम पठाएका छन्।

भङ्गाहा नगर कार्यपालिकाको कार्यालयले कोषमा रु १५ लाख दाखिला गरी सकेको छ। यसैगरी गौशाला, बर्दिबास र औरही नगरपालिकाले संस्थागत निर्णय गरेर क्रमशः १० लाख, १२ लाख ५० हजार र पाँच लाख रुपैयाँ कोषमा पठाएका छन्। कोषमा रकम पठाएर सार्वजनिक नगर्नेको सङ्ख्या पनि उल्लेख्य छ।

आपतविपतका बेला हिमाल, पहाड र तराई जहाँका भए पनि नेपाली मन अत्यन्त कोमल र सहयोगी भावको रहेको जलेश्वर-७ बखरीका बासिन्दासमेत रहनुभएका पूर्वप्रशासक महेश्वर रायको धारणा छ। अहिले यहाँ बाढीपीडितका लागि जारी राखिएको सहयोग अभियान कोमल नेपाली मनको उदाहरण भएको रायको भनाइ छ।

आमरुपमा सहयोग गर्ने चासो ठाउँठाउँमा देखिएपछि प्रमुख जिल्ला अधिकारीको अध्यक्षताको जिल्ला विपद् व्यवस्थापन समितिले राहत सङ्कलनलाई व्यवस्थित र पारदर्शी बनाएको छ। "हामीले कहाँ कसले जिन्सी नगद के सहयोग गर्न चाहन्छन् ? ठाउँठाउँमै सङ्कलन अभियान सञ्चालन गर्ने निर्णय गरेका छौं", प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव भन्नुहुन्छ, "प्राप्त सहयोगको व्यक्तिगत अभिलेख बनाएर नगद कोषमा जम्मा गर्ने र जिन्सी सरकारले सञ्चालन गरेको राहत वितरण केन्द्रमा पुऱ्याइनेछ।" यो सहयोगको विवरण साप्ताहिक रुपमा सार्वजनिक गरिने उहाँको भनाइ छ।

यसअघि शुक्रबार नै महोत्तरी-१ का प्रतिनिधिसभा सदस्य प्रमोदकुमार महतोको समन्वयमा बर्दिबास, गौशाला र भङ्गाहामा सर्वसाधारणबाट सङ्कलित खाद्यसामग्री (चामल, चिउरा, भुजासहित) नुवाकोट पठाइएको छ।

# बाढी प्रभावित बस्ती जोड्न धमाधम तुइन निर्माण गरिँदै

नुवाकोट, १६ भदौ (रासस)।
नुवाकोटको सदरमुकाम विदुरसँग सम्पर्क कायम गर्ने उद्देश्यका साथ धमाधम तुइन निर्माण सुरु गरिएको छ।

त्रिशूली नदीमा आएको बाढीले पुल बगाउनुका साथै सडकमा क्षति पुऱ्याएपछि विदुरसहित रसुवासम्मको सडक यातायात अवरुद्ध भएको छ। त्रिशूली अस्पतालसहित जिल्लाका विभिन्न क्षेत्र र रसुवासँगको सडक यातायात यही भदौ १० गतेदेखि बन्द छ।

बाढी प्रभावित क्षेत्रको खोज तथा उद्धार, शव व्यवस्थापन र राहत वितरणमा समस्या भएकाले तत्काल आवागमन सहज बनाउन तुइन निर्माण थालिएको विदुरका नगरप्रमुख राजन श्रेष्ठले जानकारी दिनुभयो।

उहाँका अनुसार अस्पतालका लागि औषधि तथा अन्य आवश्यक सामग्री ल्याउन विदुर-१ इन्द्रायणी चौरदेखि विदुर-१ गुम्बा जोडने तुइन निर्माण भइरहेको छ। करिब ३०० मिटर लामो उक्त तुइन निर्माण अन्तिम चरणमा पुगेकाले मङ्गलबारदेखि सञ्चालनमा ल्याउने तयारी गरिएको छ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*